सुदुरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEC
धनगढी,कैलाली, नेपाल

ईमेल- peocsudurpaschim@gmail.com
फोन नं. -०९१-५२१३२४
मोबाईल.न.-९७६२३०९८२६

पत्र संख्या:-२०८०।०८१ चलानी नं.- मिति २०८०।१०।१० गते।

श्री गृह मन्त्रालय।
राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC)सिंहदरबार,काठमाण्डौ ।

विषय:-दैनिक घटना विवरण जाहेरी खुलाई पठाईएको सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC) तथा यस प्रदेश मातहतका जिल्लाहरुमा स्थापना भएका जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) हरुको आज मिति २०८०।१०।१० गते बिहान ०७:०० बजे देखि मिति २०८०।१०।१० गते बेलुकी १७:०० सम्मको दैनिक विपद् संग सम्वन्धित घटना-विवरण निम्नानुसार खुलाई पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ।

निम्न

- **जङ्गली जनावर भालुको आक्रमणबाट मानिस घाईते:-**
- **जिल्ला अछाम**

मिति २०८०/१०/१० गतेको अन्दाजी ०८:३० बजेको समयमा जिल्ला अछाम रामारोशन गा.पा.५ स्थित साल्लीकोट सामुदायीक वनमा घाँस काट्ने क्रममा जङ्गली जनावर भालुले आक्रमण गरी ऐ. ५ पातल बस्ने रंग शाहकी छोरी बर्ष अं. २० की किरण शाह को टाउको,पुरै शरिरमा चोट अवस्था बेहोस, ऐ. बस्ने शेर बहादुर शाहकी छोरी बर्ष १९ की पार्वती शाह को टाउको, शरिर भरी चोट, अवस्था मध्यम रहेको घाईतेलाई उपचारको लागी ऐ.१४;३५ बजेको समयमा नेपाली सेनाको हेलिकोप्टर द्धारा दुइटै घाईते लाई लगि सुर्खेतको लागी टेकअप १५:१५ बजे सुर्खेमा हेलिकोप्टर ल्याण्ड गराई एम्वुलेन्स द्धारा दुइटै घाईते लाई मेडीकलकलेज कोहलपुरको लागि पठाईएको । उक्त स्थानमा अस्थाई प्रहरी पोस्ट चौतारा बाट प्र.ह.महादेब खडायत को कमाण्डमा-२ जनाको टोली खटिई गएको ।

- **आगोले जलि मानिस घाईते ।**
- **जिल्ला कैलाली**

मिति २०८०।१०।०९ गतेको अन्दाजी ११;०० बजेको समयमा जिल्ला कैलाली बर्दगोरिया गाउँपालिका वडा न १ कट्टिपुर बस्ने बर्ष ३५ की देबकी न्याउपाने आफ्नै घरको चुलोमा आगोबालि तापिरहेको अवस्थामा अचानक शरिरको कम्मर भन्दा तलको भागमा आगोले जल्न गई घाईते भई आफन्तले उपचारको लागी सेति प्रादेशिक अस्पताल धनगढी कैलालीमा लगी उपचार भईरहेको अवस्था मध्यम, उक्त स्थानमा प्र.स.नि.बलबिर महताको कमाण्डमा ४ जनाको प्रहरी टोली खटि गएको उक्त स्थान यस का.बाट २ कि.मि.पश्चिम पर्ने ।

❖ **जीपको ठक्करबाट महिलाको मृत्युः-**

✍ **जिल्ला बझाङ**

मिति २०८०।१०।१० गतेको अ.०९;०० बजेको समयमा जिल्ला बझाङ केदारस्यु गा.पा. ४ तल्लो बजार स्थित जयपृथ्बी राजमार्गमा ऐ.बागथला बजारबाट रायल तर्फ आउदै गरेको चालक ऐ. बित्थडचिर गा.पा.-६ बौनाली बस्ने बर्ष अ.२४ को बिशाल सिंह स्याडाले चलाएको सु.प.प्र.०१००१ ज. १३१६ नं.को जिपले पैदल यात्री ऐ. केदारस्युँ गा.पा.-४ बस्ने बर्ष ६४ की महेश्वरी देबि मल्ललाई ठक्कर दिदा घाईते भई प्रा.स्वा.के. देउरा बझाङमा सामान्य उपचार पश्चात थप उपचारको लागि सु.प.प्र.०१००१ झ ०५४२ नं.को एम्बुलेन्स द्वारा धनगढी तर्फ लैजादै गर्दा ऐ. बित्थडचिर गा.पा.-४ देउलेखमा मृत्यु भएको, लासलाई घट्नास्थलमा ल्याई राखि मृतकका आफन्तहरु अ.२०० जना भेला जम्मा भई राजमार्ग अबरोध  गरेको उक्त स्थान तर्फ जि.प्र.का. बझाङबाट प्र.नि. दिपेश चौधरीको कमाण्डमा-११ जना, प्र.चौ.रायलबाट प्र.स.नि. गोबिन्द डाँगा-४ जना, अ.प्र.पो.झोताबाट प्र.स.नि. पदम सिंह बडाल-२ जना, अ.प्र.पो. बागथला- प्र.स.नि. मोहन सिंह कुँवर- ६ जना, अ.प्र.पो. बिजगडाबाट प्र.स.नि. लाल सिंह रावल-२ जना र  प्रहरी बेश देउलेखबाट प्र.स.नि. मोहन बहादुर धाही-३ जना गरी जम्मा- २८ जना टोली खटिई गएको । **थप बिवरणः- ऐ.१४;४५** बजेको समयमा दुबै पक्ष बिच छलफल हुँदा मृतकको आश्रित परिवारलाई उचित क्षतिपुर्ती दिने सहमतीमा राजमार्ग सुचारु भएको र लास पो.मा.को लागि जिल्ला अस्पताल बझाङ तर्फ पठाएको,खटिएका प्रहरी टोलीहरु कार्यालयको लागि फिर्ता भएको ।

❖ **शरीरमा आगलागी ।**

✍ **जिल्ला कैलाली**

मिति २०८०।१०।१० गतेको १३:१० बजेको समयमा जि. कैलाली गोदावरी न.पा.११ ओलानी राम मन्दिर नजिक बस्ने बर्ष ७० कि लक्षिदेबि बडैला आफ्नै घरमा आगो तापिरहेको अबस्थामा शरीरमा ओढेको सलबाट एक्कासि आगलागी हुदा तल्लो शरीर(कम्मर भन्दा मुनि )जलेको,अबस्था मध्यम ,सेति प्रादेसिक अस्पतालमा उपचार भईरहेको ।उक्त स्थानमा आस्थाई प्रहरी पोष्ट ओलानी बाट प्र.स.नि. पदम सिंह कार्कीको कमाण्डमा ३ जनाको प्रहरी टोली खटीई गएको, उक्त स्थानमा यस पोष्टबाट अ. ४ कि.मि. उत्तर पर्ने।